नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग
**राजस्व अनुसन्धान कार्यालय**
बुटवल, रुपन्देही

फोनः ०७१-५५३२५७२
ईमेल : butwal@dri.gov.np

# मालबस्तु लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

## (पहिलो पटक प्रकाशित मितिः- २०८२।११।०८)

यस कार्यालयबाट विभिन्न मितिमा जफत भएका तपसिलमा उल्लेखित मालबस्तुहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले नियमअनुसार दर्ता भएका ईच्छुक फर्म तथा कम्पनीबाट निम्न सर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण पहिलो संशोधन) ऐन,२०५२ को दफा ३२ तथा सोही नियमावली को नियम २६ बमोजिम सिलवन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको र लिलाममा राखिएका मालबस्तुको कारोवार गर्ने पाउने ईजाजतको प्रमाणपत्र, मु.अ. करमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०८१/८२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि सहित एक लाख सम्मको लागि रु ३०० (तीन सय), एक लाख भन्दा माथी दश लाख सम्मको लागि रु १०००(एक हजार) र दश लाख भन्दा माथीका लागि रु २००० (दुई हजार) फिर्ता नहुने गरि यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रकम बुझाएको रसिद संलग्न गरि मूद्दा फाँटबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिनेछ । अन्तःशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

२. आफूले कवोल गरेको बोलपत्र सम्बन्धि कागजातहरु कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोपाइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्याक्तिले सहिछाप गरि सिलवन्दी खाम बाहिर राजस्व अनुसन्धान कार्यालय, बुटवल मुद्दा नं उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सबै बोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफैं वा आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. प्रत्येक मुद्दा नं को छुट्टाछुट्टै दरभाउपत्र/ बोलपत्र पेश गर्नुपर्नेछ ।

४. आफूले कवोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी बापतको रकम कृषि विकास बैंक भैरहवामा रहेको को.ले.नि.का. भैरहवाको धरौटी खाता नं ०४१४३०१०१४२५३०२७ मा जम्मा गरी सो को सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नुपर्नेछ ।

५. आफूले कबोल गरेको मूल्य (मु.अ. कर बाहेकको रकम) अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र बाँकी रकम र मु.अ. कर लगायतका कर समेत बुझाई गोदामबाट सामान उठाई सक्नु पर्नेछ ।

७. मालबस्तुहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समयभित्र हेर्न सकिनेछ । बोलपत्र सम्बन्धी कागजात खरिद गर्नेहरुले मात्र मालसामानहरु हेर्न सक्नेछन ।

८. बोलपत्र सम्बन्धी कागजातहरु खरिद गर्न तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमश सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९. यस कार्यालयको धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने फर्महरुको धरौटी रकम फिर्ता गर्न यस कार्यालय बाध्य हुने छैन ।

१०. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ, अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

नेपाल सरकार

अर्थ मन्त्रालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय

बुटवल, रुपन्देही

फोनः ०७१-५५३२५७२

ईमेल : butwal@dri.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही
स्थापित २०५०

**तपसिलः**

| सि नं | सुचना दर्ता नं. | मालवस्तुको विवरण | न्युनतम मूल्य(मु.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ५१/२०८२/८३ | बिभिन्न किसिमको मोबाईलमा लाग्ने स्क्रिन ग्लास थान-५९० | २,९५,०००/- | |

२०८२/११/०८

प्रमुख अनुसन्धान अधिकृत